**वीरगंज महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको**

**सवारी व्यवस्थापन सेवा शुल्क, जडिवुटी, कवाडी तथा जिवजन्तु कर, सवारी पार्किङ्ग शुल्क , पशु हाटवजार पटके व्यवसायकर (वडा नं.२१ परवानीपुर), मिना वजार कम्प्लेक्स र गण्डक सपिङ्ग कम्प्लेक्स ठेक्का लगाउने सम्वन्धी**

**३० दिने वोलपत्र आव्हानको सूचना**

**(पहिलो पटक प्रकाशित मिति २०७७/०२/२० गते)**

वीरगंज महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत **सवारी व्यवस्थापन सेवा शुल्क, जडिवुटी, कवाडी तथा जिवजन्तु कर, सवारी पार्किङ्ग शुल्क , पशु हाटवजार पटके व्यवसायकर (वडा नं.२१ परवानीपुर), मिना वजार कम्प्लेक्स र गण्डक सपिङ्ग कम्प्लेक्स ठेक्का लगाउन** स्थानीय सरकार संचालन ऐन, २०७४ र वीरगंज महानगरपालिकाको आर्थिक ऐन, २०७६, वीरगञ्ज महानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ ले दिएको अधिकारको परिधिभित्र रही आन्तरिक आयका शीर्षकहरुबाट राजस्व असूली गर्ने सम्वन्धमा मिति २०७७/०२/१९ गतेको निर्णय अनुसार **प्रथम पटक** यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति वा संस्थाले शिलवन्दी प्रस्ताव पेश गर्नु हुन सूचित गरिएको छ । यस सम्वन्धी अन्य आवश्यक जानकारीको लागि राजश्व व्यवस्थापन महाशाखामा सम्पर्क राख्न हुन सूचित गरिन्छ ।

**शर्तहरु**

१. बोलपत्र फारम तपसिलमा उल्लेखित दस्तुर बुझाएको नगदी रसिदको साथ यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र कार्यालय समय सम्म यस कार्यालयको **राजस्व व्यवस्थापन महाशाखा**बाट खरिद गर्न सकिनेछ ।

२. बोलपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२:०० वजे भित्र यस कार्यालयमा बोलपत्र दर्ता गराउन सकिनेछ । उल्लेखित समय भित्र दर्ता हुन आएका वोलपत्र सोही दिन दिनको २:०० वजे बोलपत्रदाता स्वयम् वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

३ बोलपत्र साथ आफूले कबुल गरेको अंकको ५ प्रतिशत रकम यस कार्यालयको वीरगंज स्थित राष्ट्रिय वाणिज्य बैंकमा रहेको धरौटी खाता नं. १२५००३०३००००२ मा जम्मा गरेको सक्कलै भौचर वा वाणिज्य वैंक वा वित्तिय संस्थाले जारी गरेको सूचनामा १२० दिन म्याद भएको विडबण्डको सक्कल प्रति संलग्न राख्नु पर्नेछ ।

४ बोलपत्रमा आफूले कबोल गरेको अंक र अक्षर दुवैमा स्पष्ट रुपले उल्लेख गर्नु पर्नेछ । केरमेट भई अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

५ बोलपत्र दाखिला गर्दा खाममा राखी शिलवन्दी खामको वाहिर यस कार्यालयको नाम र आयको शीर्षक स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

६ बोलपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको सोही समय क्रमश:कायम हुनेछ ।

७ बोलपत्र साथ नागरिकताको प्रमाण पत्र, वीरगञ्ज महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको व्यवसाय प्रमाणपत्र, कर चुक्ता प्रमाण पत्र, वीरगञ्ज महानगर क्षेत्र भित्र वोलपत्रदाताको घरजग्गा भए सम्पतिकर एवं अन्य व्यवसाय भए सोको चालु वर्ष सम्मको कर तिरेको प्रमाण पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

८ यो बोलपत्रमा उल्लेख भएका कुराहरुको हकमा यसै वमोजिम र उल्लेख नभएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन,२०७४, वीरगंज महानगरपालिकाको आर्थिक ऐन, २०७६, वीरगञ्ज महानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ र प्रचलित कानून अनुसार हुनेछ ।

९. तपसिलमा उल्लेखित आय शिर्षकहरुको ठेक्का सकार अंकको किस्ता र बैंक ग्यारेण्टी सम्वन्धि व्यवस्था बोलपत्र फारममा उल्लेख गरिनेछ ।

१०. ठेक्का सम्वन्धी कुनै विवाद भएमा वीरगञ्ज महानगरपालिकाको कार्यपालिका वैठकले गरेको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

११. अन्य आवश्यक कुरा वुभ्नु परेमा राजस्व व्यवस्थापन महाशाखामा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ । मो.नं.९८५५०२६०२१ वा ९८४५११५६३० समेत सम्पर्क गरी आवश्यक जानकारी लिन सक्नु हुनेछ ।

**तपसिल**

| ठेक्का नं. | आर्य शिर्षक | न्युनतम ठेक अंक (मु.अ.क. वाहेक) | | ठेक्का अवधि | वोलपत्र फारम दस्तुर (पछि फिर्ता नहुने गरी) | कैफियत |
|---|---|---|---|---|---|---|
| १/ ०७७।०७८ | सवारी ब्यवस्थापन सेवा शुल्क | ४,००,००,०००।-(वार्षिक) | चार करोड | १ वर्ष | ५०००।- | |
| २/ ०७७।०७८ | जडिवुटी, कवाडी तथा जीवजन्तु कर | १,५०,००,०००।-(वार्षिक) | एककरोड पचास लाख | १ वर्ष | ३०००।- | |
| ३/०७७।०७८ | सवारी पार्किङ्ग शुल्क | २५,००,०००।- (वार्षिक) | पच्चिस लाख | १ वर्ष | ३०००।- | |
| ४/०७७।०७८ | पशु हाट वजारवाट पटके ब्यवसाय कर (परवानीपुर वडा नं २१) | २१,००,०००।-(वार्षिक) | एक्काईस लाख | १ वर्ष | ३०००।- | |
| ५/०७७।०७८ | मिना वजार कम्प्लेक्स | १,३१,००,०००।- प्रतिवर्ष | एककरोड एकत्तिस लाख | ३ वर्ष | ३०००।- | |
| ६/०७७/०७८ | गण्डक सपिङ्ग कम्प्लेक्स | १५,००,०००।- प्रतिवर्ष | पन्ध लाख | ३ वर्ष | ३०००।- | |

पमुख प्रशासकिय अधिकृत